# माछापुच्छ्रे गाँउपालिकाको कार्यालयको निर्णय वा आदेश अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि )नियमावली,२०७४

**( कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/०३/२९)**

गाँउपालिकाः माछापुच्छ्रे
जिल्ला : कास्की
प्रदेश न :  ४

(नियम न २)

# माछापुच्छ्रे गाँउपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली,२०७४

**गाँउसभा बाट स्वीकृत मिति २०७४/०३/३१**

**प्रस्तावना :**

माछापुछ्रे गाँउपालिकाको निर्णय वा आदेश र अधिकारपत्र लगायतका अन्य केही लिखत प्रमाणीकरण गर्ने विधि र पक्रियालाई व्यवस्थि तगर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा (२१४)को उपधारा (५) बमोजिम माछापुछ्रे गाँउकार्यपालिकाले देहायको नियमावली बनाएको छ ।

परिच्छेद १

**प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस नियमावलीको नाम " माछापुछ्रे गाँउ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली ,२०७४ " रहेको छ ।

(२). यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :विषय वा प्रसंगले अर्के अर्थ नलागेमा यस नियमावलीमा,

(क) **"अध्यक्ष"** भन्नाले गाँउ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले गाँउ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले संविधानको धारा २१५ बमोजिम गठित माछापुछ्रे गाँउ कार्यपालिका सम्झनु पर्छ ।

(घ) **"कार्यकारी अधिकृत"** भन्नाले गाँउपालिकाको कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ङ) "**गाँउपालिका भन्नाले"** माछापुच्छ्रे गाँउपालिका भन्ने सम्झनु पर्छ ।

(च) **"प्रमाणिक प्रति भन्नाले"** निर्णय वा आदेश अधिकार पत्र प्रमाणित गर्ने अधिकारीले हस्ताक्षर गरेको सक्कल प्रति सम्झनुपर्छ।

(छ) "लिखत वा कागजात भन्नाले" देहायका विषय सँग सम्बन्धित  निर्णय वा आदेश वा तत् सम्बन्धि अधिकारपत्र सँग सम्बन्धित लिखत वा कागजात सम्झनुपर्छ ।

१. गाँउकार्यपालिकाले बनाएको निति,नियम,निर्देशिका , कार्यविधि

२. गाँउकार्यपालिकाद्धारा पारित प्रस्ताव

३. गाँउ कार्यपालिकाले जारी गरेको आदेश

४. गाँउकार्यपालिकाले जारीगरेको अधिकार पत्र

५. गाँउकार्यपालिकाले गरेको निर्णय

६. गाँउकार्यपालिकाबाट नियुक्ति हुने पदको नियुक्ति पत्र,सरुवा पत्र,तथा अवकास पत्र

७. गाँउकार्यपालिकाले जारीगरेको सूचना तथा सृर्जना गरेको तथ्याङ्क वा अभिलेख सम्बन्धी लिखित वा कागजात

८. प्रचलित कानून बमोजिम प्रमाणिकरण गर्नू पर्ने अन्य लिखितवा कागजात

(ज) "सभा"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(झ) "संविधान " भन्नाले नेपालको सविधानलाइ सम्झनु पर्छ ।

(ञ) " सूचना तथा अभिलेख केन्द्र" भन्नाले गाँउपालिका अर्न्तगत स्थापना भएको नियम ११ बमोजिमको सूचना बमोजिमको तथा अभिलेख केन्द्र सम्झनुपर्छ ।